फोन नं : ०६७-४२०१०९

निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय,
पर्वत

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
पर्वत
२०६१

प.सं : ०७७।७८
च.नं : १४२

मिति : २०७७/१२/२४

**विषय : मतदाता नामावली दर्ता सम्वन्धमा ।**

**श्री कुश्मा नगरपालिकाको कार्यालय,**
**श्री फलेवास नगरपालिकाको कार्यालय,**
**श्री जलजला गांउपालिकाको कार्यालय,**
**श्री मोदी गांउपालिकाको कार्यालय,**
**श्री पैयू गांउपालिकाको कार्यालय,**
**श्री विहादी गांउपालिकाको कार्यालय,**
**श्री महाशिला गांउपालिकाको कार्यालय, पर्वत**

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०७७।१२।४ को निर्णयानुसार मिति २०७७।१२।०५ देखि जिल्ला निर्वाचन कार्यालयमा मात्र फोटो सहितको मतदाता नामावली दर्ता तथा अध्यावधिक कार्य खुला भै मतदाता नामावली दर्ता कार्य भै रहेको व्यहोरा जानकारी गराउदै । तहां पालिका अन्तरगत नेपाली नागरिकता प्राप्त व्यक्तिहरुको नाम फोटो सहितको मतदाता नामावलीमा दर्ता हुन छुट भएको, नामावलीमा कुनै त्रुटि भएको वा ठेगाना स्थानान्तरण गर्नु पर्ने भएमा संलग्न सूची अनुसारको आवस्यक प्रमाण सहित जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क राख्न पठाइदिनुहुन अनुरोध छ । साथै २०७७ पौष ५ गते सम्मको अन्तिम मतदाता नामवाली निर्वाचन आयोगवाट स्वीकृत भै आयोगको वेव साइट **www.election.gov.np** मा प्रकाशित भएकोले तहांवाट नामावली हेर्न सकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछु ।

**पुनश्च: हाल लाइ वाह्य जिल्ला दर्ता (ODR) दर्ता नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।**

२०७७।१२।२४

.............................
लक्ष्मु शर्मा
(जिल्ला निर्वाचन अधिकारी)

जिल्ला निर्वाचन अधिकारी

## मतदाता नामावली दर्ता, ठाउँसारी र त्रुटी सच्चाउनका लागि आवश्यक प्रमाण तथा प्रकृया

| | | |
|---|---|---|
| १ | मतदाता नामावलीमा नाम दर्ता गर्न | जिल्ला निर्वाचन कार्यालय वा तोकिएको केन्द्रमा निम्न प्रमाण सहित स्वयं व्यक्ति उपस्थित हुने ।<br>१. नेपाली नागरिकताको सक्कल प्रमाणपत्र<br>२. अन्यत्रबाट बसाई सरी आएको भए बसाई सराइको प्रमाणपत्र<br>३. विवाहित महिलाको हकमा आवश्यकतानुसार विवाह दर्ताको प्रमाणपत्र । |
| २ | मदाता नामावलीमा रहेको त्रुटि सच्याउने | अवस्था अनुसार माथि उल्लेखित प्रमाण सहित जिल्ला निर्वाचन कार्यालयमा तोकिए अनुसार निवेदन दिने । जस्तै नागरिकताको नाम र मतदाता नामावलीको नाम फरक परे नागरिकताको प्रतिलिपि । |
| ३ | मतदाता नामावलीमा हालको ठेगानाबाट अन्यत्र नाम सार्ने ( ठेगाना स्थानान्तरणको लागि) | बसाई सराईको प्रमाणपत्र वा विवाह दर्ताको प्रमाणपत्र वा आवश्यकता अनुसार नागरिकता तथा अन्य कागजात संलग्न गरी तोकिए अनुसार जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिने । |